DBAN

Development Bankers Association Nepal

# १७ औं वार्षिक प्रतिवेदन

## २०७८/२०७९

# 17th Annual Report

## 2022

# कार्य समितिका पदाधिकारीहरु



प्रद्युमन पोखरेल
अध्यक्ष



गोविन्द प्रसाद ढकाल
निबर्तमान अध्यक्ष



सुयोग श्रेष्ठ
उपाध्यक्ष



बोधराज देवकोटा
सचिव



नरेश सिंह बोहरा
सदस्य



श्रीचन्द्र भट्ट
सदस्य



प्रकाश पौडेल
सदस्य

# विषय सूची


| सि. नं. | विवरण | पेज नं. |
|---|---|---|
| १) | साधारण सभाको सूचना | सि |
| २) | अध्यक्षज्यूको प्रतिवेदन | १-२ |
| ३) | कोषाध्यक्षज्यूको प्रतिवेदन | ३-५ |
| ४) | कार्य प्रगति विवरण | ६-१४ |
| ५) | लेखा परीक्षकज्यूको प्रतिवेदन | १५-१६ |
| ६) | २०७९ अषाढ मसान्तसम्मको वासलात | १७ |
| ७) | २०७९ अषाढ मसान्तसम्मको आय विवरण | १८ |
| ८) | २०७९ अषाढ मसान्तसम्मको नगद प्रवाह विवरण | १९ |
| ९) | अनुसूचीहरु | २०-२३ |
| १०) | विधान संशोधन प्रस्ताव | २४-२५ |
| ११) | एशोसिएसन आवद्ध सदस्य संस्थाहरु | २६ |

# १७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस डेभलपमेण्ट बैंकर्स एशोसिएसनको कार्य समितिको मिति २०७९ साल फागुन १२ गते शुक्रबार बसेको १७८ औ बैंठकको निर्णयानुसार यस संस्थाको १७ औं वार्षिक साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, स्थान र समयमा बस्ने निर्णय गरेकाले सम्पूर्ण सदस्य विकास बैंकहरुका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस सम्बन्धमा सदस्य विकास बैंकहरुलाई पत्र तथा बार्षिक प्रतिवेदन सम्बन्धीत कार्यालयमा पठाइएको र सो सम्बन्धी सूचना यस एशोसिएशनको Website : www.dban.com.np मा समेत राखिएको ब्यहोरा जानकारी गराउँदछु । कथंकदाचित पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थित भई दिनु हुनका लागि हार्दिक अनुरोध गर्दछौं ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय :**

मिति : २०७९ साल, चैत्र ३ गते शुक्रबार,

स्थान : दिनको ठिक १ : ०० बजे,

समय : होटल मेघौली सराई, ताज सफारी, चितवन नेशनल पार्क ।

**छलफलका विषयहरु :**

१. कार्य समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने ।
३. आ.व. २०७९/०८० को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४.आ.व. २०७९/०८० को अनुमानित आय व्यय पारित गर्ने ।
५.आगामी दुई वर्ष कार्यकालको लागि नयाँ कार्यसमितिका पदाधिकारीहरु चयन गर्ने ।
६. विधान संशोधन गर्ने ।
७. विविध ।

कार्य समितिको आज्ञाले
सचिव

# डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको
# सत्रौं वार्षिक साधारण सभाको लागि कार्य समितिको तर्फबाट
# अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

आदरणीय सदस्य महानुभावहरु,
यस डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको सत्रौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सदस्य महानुभावहरुमा एशोसिएसन तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु । एशोसिएसनको यस सत्रौं वार्षिक साधारण सभामा आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छु । यस साधारण सभामा प्रस्तुत कार्य समितिको प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन सदस्य बैंकहरुमा पत्र मार्फत पठाउनुका साथै एशोसिएसनको वेभसाइटमा समेत राखिएकोले यहाँहरुबाट अध्ययन भइ सकेको छ भन्ने विश्वास मैले लिएको छु ।

एशोसिएसनमा आवद्ध सदस्य विकास बैंकहरुको ब्यवसायिक तथा संस्थागत हकहितको सम्बर्द्धन गर्ने आफ्नो उद्देश्य प्राप्तिको लागि कार्य समिति निरन्तर लागि परिरहेको यहाँहरुलाई अवगत नै छ । एशोसिएसनले मुलुकमा विद्यमान कानुनी ब्यवस्थाहरु तथा नियमनकारी निकायहरुबाट बेला बेलामा जारी गरिएका निर्देशनहरुको परिधि भित्र रही नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, बीमा समिति लगायतका नियमनकारी एवं अन्य सम्बन्धित निकाय तथा संघ संस्थाहरुमा बिकास बैंकसंग सम्बन्धित सरोकारका बिषयहरु राख्ने ति निकायहरुसंग निरन्तर सम्पर्कमा रहेर बिकास बैंकहरुको हितार्थ कार्य गर्दै आइरहेको छ ।

बैंकिङ्ग क्षेत्रसँग सम्बन्धित विभिन्न संघ संस्थाले आयोजना गरेका गोष्ठि, सेमिनार र अन्तरक्रिया कार्यक्रममा भाग लिई आफ्ना धारणा एवं सुझावहरु राख्ने देखि विशेष परिस्थितिहरुमा विकास बैंकहरुको आधिकारिक तथा संस्थागत राय/प्रतिक्रिया ब्यक्त गर्ने समेतका कार्यहरु निरन्तररुपमा हुँदै आइरहेको छ।

"डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल" आजको अवस्थासम्म आइ पुग्ने क्रममा सदस्य विकास बैंकहरुको अमूल्य सल्लाह, सुझाव तथा रचनात्मक सहयोगको ठूलो योगदान रहेको छ र आगामी दिनमा समेत विगतको जस्तै रचनात्मक सुझाव र सहयोगको आवश्यकता रहेको मैले देखेको छु ।

संस्थागत निक्षेप कर्ताबाट बिकास बैंकहरुले निक्षेप प्राप्त गर्ने व्यवस्था मिलाउन बिकास बैंकहरुको वित्तीय अवस्था, सबल पक्षहरु आदि उल्लेख गरी सम्बन्धित संस्थागत निक्षेप कर्ताहरुलाई पत्राचार गर्ने कार्य सम्पन्न भइ केहि संस्थाहरुबाट निक्षेप राख्ने कार्यको शुरुवात पनि भइसकेको छ ।

बर्तमान समयमा बिकास बैंकहरुले भोगि रहेका समस्या र भविष्यमा आइ पर्न सक्ने अप्ठेराहरुलाई एशोसिएसनले समन्वय गरी सहज वातावरण बनाउने प्रयासहरु भइरहेको छ । विगतको तुलनामा जनमानस तथा अन्य सम्बद्ध पक्षमा बिकास बैंकहरु प्रति थप विश्वास जगाउने कार्यमा कार्य समिति सफल हुंदै गएको छ। बैंक तथा वित्तीय क्षेत्र प्रतिको जन विश्वासमा दिन प्रतिदिन अभिबृद्धि गर्ने उद्देश्यले संचारसँगको सहकार्यमा बैंकिङ्ग जनचेतना सम्बन्धि कार्यलाई अभियानको रुपमा अगाडि बढाउदै लगिएको छ ।

मिति २०७९ साल असोज मसान्त सम्ममा १७ वटा विकास बैंकहरुको त्रैमासिक विवरण अनुरुप निम्नानुसार रहेको छ ।

| Key Financial Indicators of Development Banks (Unaudited) As on Ashoj End, 2079 (Mid October 2022) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Solvency | | | | | Liquidity | | | | |
| **Topic** | **Paid up Capital (Rs. Thousand)** | **Core Capital (Rs. Thousand)** | **Total Capital Fund (Rs. Thousand)** | **CCAR (In %)** | **CAR (In %)** | **Total Deposit (Rs. Thousand)** | **Total Loan (Rs. Thousand)** | **CD Ratio (In %)** | **Net Liquidity (In %)** | **SLR (In %)** |
| Total | 37,102,454 | 48,757,575 | 61,251,280 | 10.18% | 12.79% | 517,662,912 | 451,734,289 | 86.92% | 23.70% | 19.21% |

स्रोतः नेपाल राष्ट्र बैंक,

नेपाल राष्ट्र बैंकले अवलम्वन गरेको  मर्जर र प्राप्तिको नीतिका कारण विकास बैंकहरुको संख्या ९० बाट घटेर २०७९ साल पौष मसान्तसम्म आइपुग्दा  १७ मा सीमित हुन पुगेको छ । जस अन्तर्गत राष्ट्रिय स्तरका विकास बैंक ८ र क्षेत्रिय स्तरका विकास बैकहरु ९ रहेका छन । २०७९ साल पौष मसान्त सम्ममा विकास बैंकहरुका १,१५५ शाखाले बैंकिङ् सेवा प्रदान गरिरहेका छन् भने बिकास बैंकहरुमा पुरुष कर्मचारी ४,९७५ रहेका छन भने महिला कर्मचारी ३,७१९ गरी जम्मा ८,६९४ कर्मचारीहरु कार्यरत रहेका छन् ।

एशोसिएसनमा आवद्ध सदस्य विकास बैंकहरुका कर्मचारीहरुलाई समयानुकुल चुस्त, दुरुस्त र दक्ष बनाउन एशोसिएसनको एउटा प्रमुख उद्देश्य रहेको छ । सोही अनुसार, एशोसिएसनले NBI, KFA आदिसंगको सहकार्यमा स्वदेशी तथा विदेशी प्रशिक्षककहरुबाट तालिम दिने कार्य निरन्तर संचालन गरिदै आएको छ । अवका दिनमा अन्य संस्थाहरुसंग पनि सहकार्य गरी आवश्यकता अनुसार तालिम संचालन गर्ने तर्फ कार्यसमितिले गृहकार्य गरिरहेको जानकारी गराउँदछौ ।

सदस्य बैंकहरु बीचको संचार प्रणालीलाई अझ प्रभावकारी बनाउन र एक आपसमा थप समन्वय गर्नका लागि विभिन्न विभाग स्तरीय उपसमितिहरु बनाई उद्देश्यअनुरुप काम कार्य भैरहेको छ ।

अन्त्यमा, यस एशोसिएसनलाई १७ औं बार्षिक साधारण सभासम्म आइ पुग्ने क्रममा आवश्यक सल्लाह, सुझाव तथा सहयोग गर्नु हुने सम्पूर्ण सदस्य विकास बैंकहरुका प्रमुख कार्यकारी अधिकृतज्यूहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेज, नेपाल बैंकर्स एशोसिएसन र सम्पूर्ण संचारगृह तथा संचारकर्मी मित्रहरु, विकास बैंकहरुमा कार्यरत कर्मचारीहरु, एशोसियसनका प्रमुख सल्लाहकार र सहायक अधिकृत प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै नयाँ वर्ष २०८० सालमा सदस्य बिकास बैंकहरु थप सबल र सुदृढ हुन सकुन् र अझ उत्साहजनका व्यवसाय बिस्तार गर्न सकुन् भन्ने शुभकामना व्यक्त गर्दै यहां उपस्थित हुनु भएका  सम्पूर्ण महानुभावहरुलाई पुनः एक पटक हार्दिक स्वागत गर्न चाहन्छु ।

धन्यवाद!

प्रद्युमन पोखरेल
अध्यक्ष

# डेभलपमण्ेट बैंकर्स एशोसिएसन नेपालको १७ औं वार्षिक साधारण सभा समक्ष प्रस्तुत कोषाध्यक्षको आर्थिक प्रतिबेदन ।

सभाका सभाध्यक्षज्यू,
सदस्य बैंकका प्रमुख कार्यकारी अधिकृत तथा प्रतिनिधीज्यूहरु,

यस डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको १७ औं बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण विकास बैंकहरुका प्रमुख कार्यकारी अधिकृत तथा प्रतिनिधीज्यूहरुलाई हार्दिक स्वागत गर्दछु ।

यस डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको आर्थिक वर्ष २०७८/०७९ को लेखा परिक्षण भएको वित्तीय विवरण सहितको बार्षिक प्रतिवेदन यहाँहरु समक्ष पठाइ सकिएकाले उक्त प्रतिवेदन अध्ययन पश्चात यहाँहरुबाट थप सुझावहरु प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

आर्थिक वर्ष २०७९/०८० को अनुमानित आय व्यय तथा आर्थिक वर्ष २०७८/०७९ को वास्तविक आय व्यय सहितको विवरण कोषाध्यक्षको हैसियतले यस गरिमामय सभामा पेश गर्ने अनुमति चाहन्छु ।

## आ.व. २०७८/०७९ को वास्तविक तथा आ.व.२०७९/०८० को अनुमानित आय व्यय बिवरण

| क्र. सं. | आय विवरण | २०७८/०७९ | | २०७९/०८० |
|---|---|---|---|---|
| | | अनुमानित | वास्तविक | अनुमानित |
| १. | सदस्यता शुल्क | १५०,०००।०० | ००।०० | १५०,०००।०० |
| २. | सदस्य नविकरण शुल्क | ३,८५०,०००।०० | ३,८५०,०००।०० | ३,८५०,०००।०० |
| ३. | व्याज आम्दानी | १,०००,०००।०० | १,०१५,७५८।०० | १,०००,०००।०० |
| ४. | अन्य आम्दानी | ००।०० | ००।०० | ५०,०००।०० |
| ५. | कार्यक्रम आम्दानी | १५०,०००।०० | २५५,५८०।०० | १००,०००।०० |
| | **कुल संचालन आय** | **५,१५०,०००।००** | **५,१२१,३३८।००** | **५,१५०,०००।००** |

# सञ्चालन व्यय विवरण

| क्र. सं. | आय विवरण | २०७८/०७९ | | २०७९/०८० |
|---|---|---|---|---|
| | | अनुमानित | वास्तविक | अनुमानित |
| १. | तलव तथा अन्य कर्मचारी खर्च | ५७७,५२२।०० | ५७७,९९०।०० | ५७७,९९०।०० |
| २. | घर भाडा खर्च | ३७४,३७६।०० | ३७०,६३६।०० | ३८५,२३०।०० |
| ३. | *मर्मत तथा संभार (कम्प्यूटर, फ्याक्स र ईन्भटर) खर्च* | १०,०००।०० | ९,७५०।०० | १०,०००।०० |
| ४. | *मर्मत तथा संभार (मोटरसाइकल) खर्च* | १५,०००।०० | १३,३२९।०० | ३०,०००।०० |
| ५. | *अन्य मर्मत खर्च* | ४०,०००।०० | १०,२८५।०० | २०,०००।०० |
| ६ | विद्युत तथा पानी खर्च | ४५,०००।०० | ३८,५६५।०० | ४०,०००।०० |
| ७ | लेखापरिक्षण शुल्क तथा खर्च | ३३,९००।०० | ३३,९००।०० | ४५२००।०० |
| ८ | अतिथि सत्कार/कार्यसमिति बैंठक खर्च | १०,०००।०० | ००।०० | १०,०००।०० |
| ९ | बैंक चार्ज खर्च | ५००।०० | २४५।०० | ५००।०० |
| १० | संचार (डांक, टेलिफोन र टेलेक्स) खर्च | ३०,०००।०० | २८,२५१।०० | ३०,०००।०० |
| ११ | ईन्धन तथा भ्रमण खर्च | ३०,०००।०० | २७,१३१।०० | ३०,०००।०० |
| १२ | कार्यालय संचालन प्रवर्द्धन खर्च | २०,०००।०० | ००।०० | १०,०००।०० |
| १३ | मसलन्द तथा छपाई खर्च | ३५,०००।०० | ३६,१२७।०० | ४०,०००।०० |
| १४ | विज्ञापन खर्च | ४५,०००।०० | ४४,६५२।०० | ४०,०००।०० |
| १५ | सरसफाई तथा ज्याला खर्च | ७०,०००।०० | ६१,७७४।०० | ६५,०००।०० |
| १६ | पुस्तक तथा पत्रपत्रिका खर्च | ५,०००।०० | ३,४००।०० | ५,०००।०० |
| १७ | नविकरण शुल्क खर्च | १०,०००।०० | १४,७३८।०० | १५,०००।०० |
| १८ | साधारण सभा खर्च | १,५०,०००।०० | १६०,१७६।०० | १,७०,०००।०० |
| १९ | बिमा खर्च | ५,०००।०० | ३,७२०।०० | ५,०००।०० |
| २० | कर्मचारी मोवाइल खर्च | १२,०००।०० | ११,९२०।०० | १२,०००।०० |
| २१ | चन्दा सहयोग खर्च | ५,०००।०० | ००।०० | ५,०००।०० |
| २२ | विविध खर्च | ५०,०००।०० | २४३,६९९।०० | ५०,०००।०० |
| २३ | तालिम खर्च | ५०,०००।०० | २०१,३३६।०० | १००,०००।०० |
| २४ | परामर्श शूल्क | ७८०,०००।०० | ७८०,०००।०० | ९३०,०००।०० |
| २५ | व्यावसाय कर खर्च | २,०००।०० | ००।०० | ५,०००।०० |
| | **कुल संचालन व्यय** | **२,४०५,२९८।००** | **२,६७१,६२४।००** | **२,६३०,९२०।००** |

## बचत तथा नोक्सानको स्थिती

| क्र. सं. | आय विवरण | २०७७/०७८ | | २०७८/०७९ |
|---|---|---|---|---|
| | | अनुमानित | वास्तविक | अनुमानित |
| १ | कुल संचालन आय | ५,१५०,०००।०० | ५,१२१,३३८।०० | ५,१५०,०००।०० |
| २ | कूल संचालन ब्यय | २,४०५,२९८।०० | २,६७१,६२४।०० | २,६३०,९२०।०० |
| ३ | कूल संचालन वचत (१-२) | २,७४४,७०२।०० | २४४९७१४।०० | २,५१९,०८०।०० |
| ४ | ह्रास कट्टी खर्च | ४५,०००।०० | २९,४९६।०० | ३०,०००।०० |
| ५ | ह्रास कट्टी पछि खुद वचत (३-४) | २,६९९,७०२।०० | २,४२०,२१८।०० | २,४८९,०८०।०० |
| ६ | गत वर्ष सम्मको वचत अल्या | १४,४४५,०९९।०० | १५,४५६,२४८।०० | १७,८७६,४६६।०० |
| ७ | वासलातमा सार्ने वचत | १७,१४६,८०१।०० | १७,८७६,४६६।०० | २०,३६५,५४६।०० |

उल्लेखित विवरणहरु उपर अमूल्य सुझावको अपेक्षा राख्दै आ. व. २०७८/०७९ को वास्तविक आय व्यय तथा २०७९/०८० को अनुमानित आय व्यय विवरण पारित गरि दिनु हुन यहाँहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको स्थायित्वको लागि यहाँहरुबाट प्राप्त सहयोग एवं सद्भाव प्रती आभार प्रकट गर्दे निरन्तरताको अपेक्षा राखेको छु ।

धन्यवाद ।

नरेश सिंह बोहरा
कार्यबाहक कोषाध्यक्ष

# नेपाल सरकार, अर्थ मन्त्रमलय, नेपाल राष्ट्र बैंक, बैंक तथा सम्वद्ध संघ संस्थाहरुसँगको सञ्चार एबं समन्वयहरुः

डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालले सम्पूर्ण सदस्य विकास बैंकहरुका समस्याहरुलाई समन्वय एवं पत्रचारको माध्यमबाट आईपरेका समस्याको समाधानको लागि हरप्रकारले पहल गर्ने कार्यलाई निरन्तरता दिदै आएको छ। नेपाल राष्ट्र बैंकले ल्याएका मौद्रिक नीति र तत्पश्चात जारी गरेका एकीकृत निर्देशनमा बिकास बैंकहरुलाई परेका अप्ठ्यारा र पर्न सक्ने प्रभावका सम्बन्धमा पटक पटक बिस्तृतरुपमा तथ्य र कारणहरु समेत उल्लेख गरी नेपाल राष्ट्र बैंकमा पत्राचार गर्ने कार्य भएको छ ।

त्यसरी उठाइएका बिषयहरु मध्ये कतिपय नेपाल राष्ट्र बैंकबाट सम्बोधन भइसकेको र सम्बोधन हुन बांकी रहेका बिषयहरुका सम्बन्धमा निरन्तर पत्राचार गरिने कार्य योजना रहेको छ। अन्य सम्बन्धित निकायहरु जस्तैः धितोपत्र बोर्ड, बीमा समिति, नेपाल स्टक एक्चेन्ज, नेपाल क्लियरिङ्ग हाउस, सिडिएस कम्पनी, नागरीक लगानी कोष, संचय कोष लगाएत संघ संस्थाहरुले माग गरिएका सुझाव दिने र सुझाव पेश गर्ने कार्य गरिदै आएको छ। विकास बैंकहरुलाई चुस्त र दुरुस्त वनाउनको लागि एशोसिएसनले NBI & KFA लगाएतसंग संयुक्त ब्यानरमा तालिम संचालन गरिदै आएको छ। यस आर्थिक बर्षमा एसोसिएसनले गरेका पत्रचार एवं सुझावको विषयहरु निम्नानुसार बुँदागत रुपमा रहेको छ :

१) यस एशोसिएसनको मिति : २०७८/०४/२५ को चं नं. ०२७ को पत्र मार्फत नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबारको मिति २०७८/०४/२२ गतेको चलानी नं.२७ को पत्र अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा बैंकिङ्ग समस्या बारे छलफल गर्नको लागि एक जना प्रतिनिधी मनोनयन गरिदिने बारेको पत्र प्राप्त भए अनुसार एशोसिएसनको तर्फबाट आइटी संयोजक श्री कमल प्रसाद अर्याललाई मनोनयन गरिएको थियो ।

२) यस एशोसिएसनको मिति २०७८/०५/०१ गतेको चं नं. ०३३ को पत्र मार्फत नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग, बालुवाटार काठमाण्डौलाई मिति २०७७/०५/११ गते जारी गरिएको आ.प्र. निर्देशन नं. ४/०७७ को बुँदा नं. १ (क) मा नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्र प्राप्त “क” वर्गको बैंक सेटलमेन्ट बैंक हुनुपर्नेछ भनेर ब्यवस्था गरिएकाले राष्ट्रिय स्तरका विकास बैंकहरुलाई पनि सेटलमेन्ट बैंक हुन सक्ने आवश्यक ब्यवस्था मिलाई दिनुहुनका लागि पत्र अनुरोध गरिएको थियो ।

३) यस एशोसिएसनको मिति २०७८/०५/०१ गतेको चं नं. ०३४ को पत्र मार्फत नेपाल धितोपत्र बोर्ड, खुमलटारलाई धितोपत्र बोर्डले बनाएको धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को दफा ७ को १ नं. बुंदा अनुरुप बिकास बैंकहरु पनि कम्पनी ऐन २०६३ अनुसार स्थापना गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार नेपाल राष्ट्र बैंकबाट ‘ख’ बर्गको इजाजत प्राप्त गरी संचालन हुने वित्तीय संस्था भएको व्यहोरा अनुरोध गर्दै बिकास बैंकहरुलाई पनि आफ्ना सहायक कम्पनीहरु मार्फत धितोपत्र सम्बन्धी कारोवार गर्ने व्यवस्था मिलाइदिनु हुनका लागि अनुरोध पत्र पेश गरिएको थियो ।

४) यस एशोसिएसनको मिति २०७८/०५/२५ गतेको चं नं. ०४२ को पत्र मार्फत नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग, बालुवाटार काठमाण्डौलाई एकीकृत निर्देशन २०७७ मा संशोधन प्रयोजनार्थ अनुसूची १ मा पाना १६ र अनुसूची २ मा पाना १२ गरी २८ पेजको सुझाब अनुसन्धान विभाग र बैंक तथा वित्तीय संस्था नियमन विभागलाई बोधार्थ गरी पत्र पेश गरिएको थियो ।

५) यस एशोसिएसनको मिति २०७८/०५/२५ गतेको चं नं. ०४२ को पत्र मार्फत नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट मिति २०७७/०५/२० गतेको पत्र अनुसार सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्नका लागि राय सझाब माग गरिए अनुसार एशोसिएसनले पाना ३ को सुझाब पत्र पेश गरिएको थियो ।

६) यस एशोसिएसनको मिति : २०७८/०५/३१ गतेको चं नं. ०४७ को पत्र मार्फत श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, बैंदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाण्डौलाई (तहाँको मिति २०७८/०५/१८ गतेका दिन वाणिज्य बैंकहरुमा मात्र मुद्धति निक्षेप राख्ने गरी प्रकाशित गरेको सूचना सम्वन्धमा) विकास बैंकहरुमा खाता खोली बैंकिङ्ग कारोबार गरिदिने सम्बन्धमा पत्र अनुरोध गरिएको थियो ।

७) यस एशोसिएसनको मिति २०७८/०६/०७ को चं नं. ०५० को पत्र मार्फत नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबारको मिति २०७८/०६/०७ गतेको चलानी नं.५३७ को पत्र अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा बैंकिङ्ग समस्या बारे छलफल गर्नको लागि ३ जना प्रतिनिधी मनोनयन गरिदिने बारेको पत्र प्राप्त भए अनुसार एशोसिएसनको तर्फबाट संस्थाका सचिव श्री बोधराज देवकोटाज्यू, श्री सुवास ढकाल, मुक्तिनाथ विकास बैंक र श्री मनोज कुमार श्रेष्ठ, साईन रेसुङ्गा डेभलपमेण्ट बैंक गरी ३ जना मनोनयन गरिएको थियो ।

८) यस एशोसिएसनको मिति २०७८/०६/०७ को चं नं. ०५० को पत्र मार्फत नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वरलाई भन्सार ऐन २०६४ र भन्सार नियमावली २०६४ मा बैंक तथा वित्तीय संस्थाले जारी गरेका बैंक जमानत स्वीकार गर्न सकिने व्यवस्था भएको तथा नेपाल सरकारले सार्वजनिक खरिद नियमावली २०६४ लाई २०७६ सालमा संशोधन गरी बिकास बैंकहरुले जारी गरेका बैंक ग्यारेन्टी पनि स्वीकार गर्न सकिने व्यवस्था मिलाएको भएता पनि निकासी वा पैठारी संकेत नम्बर प्रदान गर्ने कार्यबिधी २०७८ को दफा ४ को उपदफा २ को (च) मा ‘क’ वर्गका बाणिज्य बैंकले जारी गरेका बैंक जमानत समावेश हुनु पर्ने व्यवस्था गरिएकाले बिकास बैंकले जारी गरेका बैंक जमानतहरु भन्सार कार्यालयहरुले स्वीकार नगर्ने गरेको हुँदा विकास बैंकहरुले जारी गरेका बैंक जमानत स्वीकार गर्ने ब्यवस्था मिलाई दिनु हुन अनुरोध पत्र पेश गर्नुका अतिरिक्त अध्यक्षज्यूको नेतृत्वमा गएको डेलीगेसनले भंसार विभागका महानिर्देशकसंग बिकास बैंकका सरोकारका बिषयहरु राखेको थियो ।

९) यस एशोसिएसनको मिति २०७८/०७/२२ को चं नं. ०६४ को पत्र मार्फत श्री माननीय मुख्यमन्त्री ज्यू, प्रदेश सरकार, लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बुटवल, रुपन्देहीको प. स. ०७७।७८, च.नं. १२१, मिति २०७७।१२।१८ को पत्रानुसार श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय को प.स. २.१./ज.प्र./०७७।७८(ज.टि. ३२०५)४२१, मिति २०७७।१२।२३ बाट नेपाल राष्ट्र बैंकबाट ‘क’ वर्गको मान्यता प्राप्त बैंकमा हाल कायम पुरै कित्ता जग्गा धितो राखी घर व्यवहार चलाउनका लागि सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा २० लाख रुपैयाँसम्म ऋण लिन सक्ने निर्णय भएको र लुम्बिनी प्रदेशको राजधानी बनाउन घोषणा भएको भालुवाङ्ग, देउखुरी, दाङ क्षेत्रमा पनि बिकास बैंकहरुका शाखाले सेवा प्रदान गर्दै आइरहेकाले बाणिज्य बैंकबाट कर्जा लिनका लागि फुकुवा गरिए जस्तै शर्तको अधिनमा रहनेगरी बिकास बैंकहरुलाई पनि आफ्ना ग्राहकलाई कर्जा सेवा प्रदान गर्ने व्यवस्था मिलाइदिनका लागि अनुरोध पत्र पठाउनुका अतिरिक्त एशोसियसनका कार्य समिति सदस्य श्री प्रकाश पौंडेलज्यूले माननीय मुख्य मन्त्री ज्यूलाई भेट गरी बिकास बैंकका सरोकारका बिषयहरु राख्नु भएको थियो ।

१०) यस एशोसिएसनको मिति २०७८/०८/०३ गतेको चं नं. ०७० को पत्र मार्फत नेपाल राष्ट्र बैंक, श्रीमान गभर्नर ज्यू समक्ष कर्जा निक्षेप अनुपातको अधिकतम सीमा ९० प्रतिशतसम्म मात्र तोकिएको हुँदा समस्याग्रस्त अवस्थाबाट भर्खर बाहिर आएका विकास बैंकहरुलाई ब्यवसाय विस्तार गर्न कठिन हुने भएको हुँदा आ.व. २०७९/०८० सम्मका लागि यस्ता संस्थालाई पूँजीकोष तथा निक्षेपको ८० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाउने ब्यवस्था गरिदिनु हुनको लागि अनुरोध पत्र लेखिएको थियो ।

११) नेपाल राष्ट्र बैंक, कानून महाशाखा, बालुवाटार, काठमाण्डौले मिति २०७८/०८/१० गतेको कार्यक्रममा आमन्त्रण गरिएको पत्र अनुसार लिज फाइनान्स सम्बन्धी ऐनको मस्यौदाका सम्वन्धमा छलफल भए अनुसार यस एशोसिएसनको मिति २०७८/०८/१५ गतेको चं नं. ०७७ को पत्र मार्फत ४ पेजको राय सुझाब पेश गरिएको थियो ।

१२) यस एशोसिएसनले मितिः २०७८/०९/११ गते विकास बैंकहरुलाई सवल र ग्राहकमुखी वनाउनका लागि विशिष्ट संस्थाका प्रमुखहरुबाट सल्लाह सुझाव लिनको लागि मेरियट होटल, नक्साल, काठमाण्डौमासंस्थाका प्रमुखहरुको उपस्थितिमा एशोसिसनका प्रमुख सल्लाहकारज्यूबाट सदस्य बैंकहरुको सबल पक्षहरु, पुंजीकोष तथा व्यवसायको अबस्था, विभिन्न सूचकहरु समेत समेटी बिकास बैंकहरुसंग व्यवसायकि सम्बन्ध राख्न सकिने सन्दर्भमा एक प्रस्तुति दिनु भएको थियो । उक्त कार्यक्रममा आतिथ्यता ग्राहण गरिदिनका लागि प्रवन्ध निर्देशकज्यू, नेपाल टेलीकम, कार्यकारी निर्देशक ज्यू, सामाजिक सुरक्षा कोष, महानिर्देशक ज्यू, वैदेशिक रोजगार विभाग, कार्यकारी निर्देशकज्यू, बैंदेशिक रोजगार बोर्ड, प्रवन्ध निर्देशकज्यू, नेपाल विधुत प्राधिकरण, कार्यकारी निर्देशकज्यू, धितोपत्र बोर्ड, प्रबन्ध निर्देशकज्यू, नेपाल आयल निगम लिमिटेड, महानिर्देशकज्यू, नेपाल नागरिक उड्डयन प्राधिकरण, महानिर्देशकज्यू, नागरिक लगानी कोष, कार्यकारी निर्देशकज्यू, पशुपति क्षेत्र विकास कोष, अध्यक्षज्यू, नेपाल दुरसञ्चार प्राधिकरण, कार्यकारी सचिवज्यू, नेपाल ट्रष्ट, प्रमुख कार्यकारी अधिकृतज्यू, काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, रजिष्टार ज्यू, त्रिभुवन विश्वविद्यालय, महाप्रबन्धकज्यू, दुग्ध विकास संस्थान, प्रमुख कार्यकारी अधिकृतज्यू, नेपाल वन निगम लिमिटेड, प्रमुख कार्यकारी अधिकृतज्यू नेपाल स्टक एक्सचेन्ज, महानिर्देशकज्यू, रेल विभाग, प्रमुख कार्यकारी

अधिकृतज्यू, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, प्रशासकज्यू कर्मचारी संचय कोष, प्रबन्ध संचालकज्यू, कृषि सामग्री कम्पनी लिमिटेड, महाप्रबन्धकज्यू, नेपाल खानेपानी संस्थान, प्रमुख कार्यकारी अधिकृतज्यू, खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेड, महानिर्देशकज्यू, सैनिक कल्याणकारी महानिर्देशनालय, प्रमुखज्यू, प्रहरि कल्याण कोष, प्रमुखज्यू, सशस्त्र प्रहरी कल्याणकारी कोष, अध्यक्षज्यू, नेपाल प्रहरी श्रीमती संघ, अध्यक्षज्यू, नेपाली सेना श्रीमती संघ आदि संस्थालाई निमन्त्रणा पत्र पठाइएको थियो ।

१३) बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंकको पत्र संख्या बैं.वि.नि.वि./ नीति / सूचना/ ४।०७८/७९, मिति २०७८।०९।११ को पत्र अनुसार चालुपूँजी सम्बन्धी मार्गदर्शन, २०७८ का सम्बन्धमा राय सझाव माग भै आए अनुसार यस एशोसिएसनको मिति २०७८/१०/११, च.नं. १५५ मार्फत बैंक तथा वित्तीय संस्था नियमन विभागलाई राय सुझाब पठाइएको थियो ।

१४) श्रीमान् गभर्नर ज्यू गभर्नरको कार्यालय, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौलाई आ.ब. २०७८/०७९ को मौद्रिक नीतिको दोस्रो त्रैमासिक समिक्षामा उल्लेखित बुँदा नं. ७१ र ७२ मा उल्लेखित व्यवस्थालाई कार्यान्वयनमा लैंजाने क्रममा समिक्षा कागजातमा उल्लेखि गरिएका सबै किसिमका कर्जाहरुमा एकैपटक जोखिम भार थप गर्दा बैंक तथा वित्तीय संस्थाहरुको पुँजी पर्याप्तता अनुपातमा थप दबाब पर्न गई आवश्यक क्षेत्रमा समेत कर्जा प्रवाह गर्न नसक्ने अवस्था आइ समग्र आर्थिक क्षेत्र प्रभाबित हुने प्रवल संभाबना रहने भएको हुँदा उत्पादनशिल क्षेत्रमा प्रवाह गरेका र गरिने कर्जामा जोखिम भार कम गर्ने तथा पत्र साथ संलग्न तीन महले अन्तर्गत उल्लेखित क्षेत्रमा प्रवाह गरेका कर्जामा लागू गर्न निर्देशन दिइएको थप जोखिम भार पुँजी प्र्याप्तताको अवस्था हेरी निश्चित समयाबधी दिएर मात्र लागू गरिनु उपयुक्त हुने भएकाले पुनरावलोकन गर्ने व्यवस्था मिलाइ दिनका लागि एशोसिएसनको मिति २०७८/११/११ गतेको चलानी नम्बर १६७ मार्फत अनुरोध गरिएको थियो ।

१५) अर्थ मन्त्रालय, सिंहदरबारबाट आ.ब. २०७९/८० को बजेटमा समेट्नु पर्ने नीतिगत व्यवस्था सम्बन्धी सुझाब पठाउनको लागि अनुरोध गरिए अनुसार एशोसिएसनको मिति २०७८/१२/१७ को च.नं. १७६ को पत्र मार्फत श्रीमान सचिवज्यू, अर्थ मन्त्रालय, सिंहदरबारलाई २ पानाको तीनमहलेमा उल्लेख गरी सुझाब पठाइएको थियो ।

१६) बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौंबाट मिति २०७८ सालमा जारी गरिएको एकीकृत निर्देशन नं. २ को बुंदा नं. ४० मा कर्जा असुली सम्बन्धी कारवाहीका बारेमा गरिएको व्यवस्थाका सम्बन्धमा यस एशोसिएसनको मिति २०७८/१२/२१ गतेको चलानी नम्बर १७८ को पत्र मार्फत राय सुझाब पेश गरिएको थियो ।

१७) बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौबाट २०७८ सालमा जारी गरिएको एकीकृत निर्देशन नं. २ को बुंदा नं. ३ को उपबुंदा नं. "च" मा उल्लेखित कर्जा नोक्सानी व्यवस्था सम्बन्धी निर्देशनमा संशोधन गरिदिनका लागि यस एशोसिएसनको मिति २०७८/१२/२३ गतेको चलानी नम्बर १७९ को पत्र मार्फत सुझाब पेश गरिएको थियो ।

१८) यस एशोसिएसनको मिति  २०७९/०१/२२ को च.नं. १८६ को पत्र मार्फत नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभागका महानिर्देशकज्यूलाई विकास बैंकहरुले जारी गरेका बैंक जमानत स्वीकार गर्ने ब्यवस्था मिलाई दिनको लागि अनुरोध गरिएको पत्रको सन्दर्भमा Reminder पत्र लेख्नुका अतिरिक्त एशोसियसनका अध्यक्ष लगाएता कार्यसमितिका पदाधिकारीज्यूहरुले महानिर्देकज्यूलाई भेट गरी सरोकारका बिषयहरु पुनः दोहोर्‍याउनु भएको थियो ।

१९) बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौबाट २०७८ सालमा जारी गरिएको एकीकृत निर्देशन नं. १५ को बुंदा नं. १ को उपबुंदा नं. ७ मा उल्लेखित बैदेशिक रोजगारमा रहेका नेपालीको बैंकिङ्ग प्रणालीबाट प्राप्त हुने विप्रेशण निक्षेपमा प्रदान गरिने ब्याजदर सम्बन्धी निर्देशनमा संशोधन गरिदिनका लागि यस एशोसिएसनको मिति २०७९/०२/०३ गतेको चलानी नम्बर १९२ को पत्र मार्फत सुझाब पेश गरिएको थियो ।

२०) यस एशोसिएसनको मिति  २०७९/०२/११ को च.नं. १९६ को पत्र मार्फत कर्पोरेट डेभलपमेण्ट बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूलाई एशोसिएसनको सदस्यता लिनका लागि अनुरोध गरिएको थियो ।

२१) यस एशोसिएसनको मिति  २०७९/०२/११ को च.नं. १९७ को पत्र मार्फत सालपा विकास बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूलाई एशोसिएसनको सदस्यता लिननका लागि अनुरोध गरिएको थियो ।

२२) नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौबाट Alliance for Financial Inclusion (AFI) को Interview कार्यक्रममा मनोनयन पठाई दिनका लागि अनुरोध गरिएको पत्र बमोजिम एशोसिएसनको तर्फबाट मिति २०७९/०२/१० गतेको चलानी नम्बर २०० को पत्र मार्फत एशोसिएसनका सचिव श्री बोधराज देवकोटाज्यू र कार्यकारी सदस्य श्री श्रीचन्द्र भट्टज्यूलाई मनोनयन गरिएको थियो ।

२३) नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौबाट "Secured Transactions Reform and Movable Asset Finance" विषयक कार्यक्रममा मनोनयन गरी पठाई दिनका लागि अनुरोध गरिएको पत्र बमोजिम एशोसिएसनको तर्फबाट मिति २०७९/०२/१६ गतेको चलानी नम्बर २०२ को पत्र मार्फत एशोसिएसनका उपाध्यक्ष श्री सुयोग श्रेष्ठज्यूलाई मनोनयन गरिएको थियो ।

२४) नेपाल आर्थिक संघबाट आयोजना गरिएको आ.ब.२०७९/८० को वजेट सम्बन्धी अन्तरक्रिया कार्यक्रममा आमन्त्रण गरिए बमोजिम  यस एशोसिएसनको तर्फबाट मिति २०७९/०२/१७ गतेको चलानी नम्बर २०३ को पत्र मार्फत एशोसिएसनका कार्यकारी सदस्य श्री श्रीचन्द्र भट्टज्यूलाई मनोनयन गरिएको थियो ।

२५) बैंक तथा वित्तीय संस्था नियमन विभागबाट २०७८ सालमा जारी गरिएको एकीकृत निर्देशन नं. १५ मा भएका व्यवस्थाहरुको (ब्याजदर) सम्बन्धमा आवश्यक संशोधनका लागि आर्थिक अनुसन्धान

विभाग, नेपाल राष्ट्र बैंकलाई यस एशोसिएसनको तर्फबाट मिति २०७९/०२/२५ गतेको चलानी नम्बर २०६ को पत्र मार्फत सुझाब दिंदै अनुरोध पत्र पठाइएको थियो ।

२६) नेपाल राष्ट्र बैंक, कानून महाशाखाबाट एक अन्तरक्रिया कार्यक्रममा आमन्त्रण गरिएको थियो । उक्त कार्यक्रममा यस एशोसिएसनको तर्फबाट मिति २०७९/०३/०८ गतेको चलानी नम्बर २१४ को पत्र मार्फत एशोसिएसनका अध्यक्ष श्री प्रद्युमन पोखरेलज्यूलाई मनोनयन गरिएको थियो ।

२७) श्रीमान् गभर्नरज्यू, नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय समक्ष आ.ब. २०७९/०८० मा जारी गरिने मौद्रिक नीतिका लागि १३ पेजको सुझाब यस एशोसिएसनको तर्फबाट मिति २०७९/०३/१० गतेको चलानी नम्बर २१५ को पत्र मार्फत पेश गरिएको थियो ।

२८) बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडाको पत्र संख्या बैं. वि. नि. बि./नीति/ बिबिध/२४२/०७८/७९, मिति २०७९।०३।१० को पत्र अनुसार एकीकृत निर्देशन २०७८ मा संशोधन गर्नका लागि सुझाब अनुरोध गरिए बमोजिम यस एशोसिएसनको मिति २०७९/०३/१५ गतेको चलानी नम्बर २१६ को पत्र मार्फत अनुसूची १, पाना ९ को राय सुझाब पेश गरिएको थियो ।

२९) यस एशोसिएसनको मिति २०७९/०३/२४ गतेको चलानी नम्बर २१९ को पत्र मार्फत काठमाण्डौ महानगरपालीकाका प्रमुखज्यूलाई साईनबोर्ड कर सम्बन्धमा एशोसिएसनले अनुरोध पत्र पेश गरेको थियो ।

# नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, तथा अन्य सम्वद्ध संघ संस्थाबाट आयोजना गरेको विभिन्न गोष्ठि, सेमिनार र अन्तरक्रियामा एशोसिएसनको तर्फबाट जनाइएको सहभागिता

सरकारी, गैर सरकारी एवं विभिन्न संघ संस्थाहरुले गरेका कुनै पनि तालिम, सेमिनार, गोष्ठि, अन्तरक्रिया कार्यक्रम, कार्यपत्र प्रस्तुत लगाएतका कार्यक्रम गर्दा एशोसिएसनलाई आमन्त्रण गर्ने गर्दछन् । त्यस आमन्त्रणलाई स्वीकार गरि यस एशोसिएसनका पदाधिकारीहरुले सो कार्यक्रममा सहभागी भई जानकारी लिने र एशोसिएसनको तर्फबाट आवश्यक सुझाब समेत दिने कार्य गरिदै आएको छ । समय सापेक्ष रुपमा देखिएको संम्वद्ध विषयहरु अर्न्तगत राय सुझाव समेत पेश गर्ने गरिएको छ। त्यस अनुरुप आर्थिक वर्ष २०७८/०७९ को बीचमा जनाइएका सहभागिता निम्नानुसार रहेका छनः

१) नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको मिति २०७८/०४/३१ गतेको पत्र संख्या बैं.वि.नि.वि/नीति/बिविध/१३/२०७८/०७९ को पत्र अनुसार श्रीमान् गभर्नरज्यूको समुपस्थितिमा समसामयिक विषयमा छलफल गर्नको लागि लागि यस एशोसिएसनलाई २ जना प्रतिनिधी पठाउनको लागि अनुरोध भए अनुसार यस एशोसिएसनका अध्यक्ष श्री प्रद्युमन पोखरेलज्यू र सचिव श्री बोधराज देवकोटाज्यू उक्त कार्यक्रममा सहभागि हुनु भएको थियो ।

२) बैंक तथा वित्तीय संस्था परिसंघको मिति २०७८/०६/०४ गतेको पत्र संख्या २४७/२०७८/०७९ को पत्र अनुसार सरकारको पूँजीगत खर्च तथा नेपालमा बैंदेशिक लगानी विषयक कार्यशाला गोष्ठीमा यस एशोसिएसनलाई १ जना प्रतिनिधी पठाउनको लागि अनुरोध भए अनुसार यस एशोसिएसनका उपाध्यक्ष श्री सुयोग श्रेष्ठज्यू उक्त कार्यक्रममा सहभागि हुनु भएको थियो ।

३) नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७८/०६/०७ गतेको पत्र संख्या ५३७/२०७८/०७९ को पत्र अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बैंकिङ्ग समस्या समाधान गर्नको लागि छलफल कार्यक्रममा यस एशोसिएसनलाई १ जना प्रतिनिधी पठाउनको लागि अनुरोध भए अनुसार यस एशोसिएसनका सचिव श्री बोधराज देवकोटाज्यू कार्यक्रममा सहभागि हुनु भएको थियो ।

४) बैंक तथा वित्तीय संस्था परिसंघको मिति २०७८/०६/१२ गतेको पत्र संख्या २५२/२०७८/०७९ को पत्र अनुसार अध्ययन प्रतिवेदन माथि छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागी हुन र टिप्पणीकारको भुमिका निर्बाह गर्नको लागि अनुरोध गरिए अनुसार यस एशोसिएसनका अध्यक्ष श्री प्रद्युमन पोखरेलज्यू र सचिव श्री बोधराज देवकोटाज्यू उक्त कार्यक्रममा सहभागि हुनु भएको थियो।

५) नेपाल उद्योग वाणिज्य महासंघको मिति २०७८/०७/११ गतेको पत्र अनुसार प्रदेश स्तरिय संयुक्त कार्यदल गठन गर्ने, सातै प्रदेशमा वित्तीय साक्षरताका कार्यक्रमहरु संचालन गर्ने लगाएत विषय बस्तु माथि छलफल गर्नको लागि आमन्त्रण गरिएको थियो । उक्त छलफल कार्यक्रममा यस एशोसिएसनका प्रमुख सल्लाहकार श्री बालनरसिंह घर्तीज्यूसहभागी हुनु भएको थियो ।

